# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, गण्डकी प्रदेश

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः ३ संख्याः २ मितिः २०७६/०१/१०**

## भाग – २

## देवघाट गाउँपालिका

# देवघाट गाउँपालिकाको होम स्टे सञ्चालन कार्यविधि,

# २०७६

# देवघाट गाउँपालिकाको होम स्टे सञ्चालन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०१/०२
प्रमाणीकरण मितिः २०७६/०१/१०

**प्रस्तावना**

गाउँपालिका क्षेत्रमा स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगोविकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहकोसमेत संलग्नता रहनेगरी पर्यटन व्यवसायबाट प्राप्त हुनेलाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्न होमस्टेको माध्यमबाट स्थानीय उत्पादन, श्रोत साधनको समेत उपयोग हुने गरी स्थानीय मौलिक संस्कृतिकको संरक्षण र प्रवद्र्धन हुने गरी पर्यटनको विकास, प्रर्बद्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकोले देवघाट गाउँपालिकाको पर्यटन नीति २०७५ अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवघाट गाउँ कार्यपालिकाको मिति २०७६/०१/०२ को ३१ औं वैठकले यो होम स्टे सञ्चालन कार्यविधि, २०७६ बनाई जारी गरेको छ ।

## परिच्छेद–१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस नियमावलीको नाम “देवघाट गाउँपालिकाको होम स्टे सञ्चालन कार्यविधि, २०७६" रहनेछ ।

(२) यो कार्यविधि देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका भन्ने बुझ्नुपर्छ ।

ख) “कार्यालय” भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझ्नुपर्छ ।

ग) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बुझ्नुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) “होम स्टे” भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ ।

च) “होमस्टे व्यवस्थापन समिति” भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

छ) “होमस्टे इकाई” भन्नाले “होमस्टे संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

## परिच्छेद–२
## उद्देश्य

३. **उद्देश्यः** होमस्टे संचालनका मुख्य उद्धेश्य देहाय बमोजिमका हुनेछन्ः

क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल स्थानीय समुदायमा पुर्याउने,
ख) होमस्टे संचालन गरी स्थानीय क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,
ग) होमस्टे संचालन गरी स्थानीय समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,
घ) होमस्टे संचालन गरी स्थानीय तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,
ङ) होमस्टे संचालन गरी पर्यटकलाई स्थानीय जनजीवन साथै संस्कृतिका वारेमा जानकारी दिने,
च) होमस्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहन सहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,
छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

४. **होमस्टेको वर्गिकरणः** अनुसूचि–१ मा उल्लेखित मापदण्ड पूरा गरी अलग/अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे र ग्रामिण तथा शहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ ।

५. **पर्यटकीय क्रियाकलापः** (१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः–
क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,
ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरुको प्रस्तुती मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने ।
ग) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,
घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,
ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

६. **दर्ताका लागि निवेदन दिनेः** (१) होमस्टे संचालन गर्न चाहनेले देहाय बमोजिमका कागजात सहित अनुसूचि–२ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछः
क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँचजना घरधनीले आ–आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी होमस्टका लागि संबन्धित वडा कार्यालयको सिफारिस,
ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी र नक्सा पास वा अभिलेख भएको प्रमाण पत्र , होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
ग) होमस्टेका सञ्चालनका लागि अनुसूचि – ४ बमोजिमको ढाँचामा विधान तयार गरि कार्य गर्न मञ्जुर भै साक्षीको रोहवरमा विधानमा सही छाप गरेको ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयको पर्यटन हेर्ने ईकाईले निरीक्षण गरी अनुसूची– १ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(३) पेश भएको प्रतिवेदन गाउँपालिका होमस्टे समन्वय समितिमा पेश भई सिफारिस भएमा कार्यपालिकामा पेश हुनेछ ।

(४) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची–१ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा र कार्यपालिका वैठकबाट स्वीकृत भएमा कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी अनुसुची–३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(५) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

७. **होमस्टे संचालन तथा व्यवस्थापनः** (१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको कम्तिमा तेत्तिस प्रतिशत महिला रहने गरी होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ—

| | |
|---|---|
| क) समुदायका सदस्यहरुबाट एक जना | - अध्यक्ष |
| ख) समुदायका सदस्यहरुबाट एक जना | - उपाध्यक्ष |
| ग) समुदायका सदस्यहरुबाट एक जना | - कोषाध्यक्ष |
| घ) समुदायका सदस्यहरुबाट एक जना | - सचिव |
| ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य | - सह सचिव |
| च) समुदायका सदस्यहरुबाट घर संख्याको आधारमा वढीमा ६ जना सम्म | - सदस्य |

(२) कार्यकाल दुई वर्ष सम्मको हुनेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) पर्यटकीय क्रियाकलापहरु र पर्यटनहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।
ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,
ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,
घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,
ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,
च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,
छ) स्थानिय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,
ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,
झ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,
ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,
ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,
ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय
ड) तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा वा कार्यलयमा पठाउने,
ढ) (ड)) होमस्टेको विकास, पवद्र्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।
ण) जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र
त) सञ्चार गर्ने ।

थ) अनुसूची–४ बमोजिमको सूचना पर्यटकहरुले देख्ने स्थानमा राख्नु पर्ने,
द) होमस्टे विकास प्रवद्र्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

८. **गाउँपालिका होमस्टे समन्वय समिति**: (१) गाउँपालिकामा देहाय वमोजिम एक होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | - अध्यक्ष |
| ख) सम्वन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| ग) पुर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| घ) स्वास्थ्य ईकाई प्रमुख | - सदस्य |
| ङ) कृषि ईकाई प्रमुख | - सदस्य |
| च) पशु स्वास्थ्य ईकाई प्रमुख | - सदस्य |
| छ) पर्यटन हेर्ने ईकाई प्रमुख | - सदस्य–सचिव |

(२) गाउँपालिका होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–

क) होमस्टे संचालन गर्न सकिने सम्भाव्य स्थानहरुको पहिचान गर्ने,
ख) होमस्टे दर्ताको लागी सिफारिस गर्ने,
ग) होमस्टेको लागी आवश्यक पुवाधार विकासको लागी सुझाव दिने,
घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,
ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,
च) होमस्टे क्षेत्रमा अर्गानिक (विषादी रहित) पशु पंक्षी, कृषि उपजलाई प्रवद्र्धन तथा प्रोत्साहन गर्ने ।
छ) स्थानिय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने, सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन गर्न सुझाव दिने ।
ज) स्थानीय उत्पादन तथा उत्पादकत्व वृद्धिको सुझव दिने ।

९. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः** (१) उद्योग, पर्यटन ईकाई वा कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई कार्यालयले निलम्वन वा खारेज गर्न सक्नेछ ।

१०. **नवीकरणः** (१) प्रत्येक होमस्टे देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक पाँच बर्षमा होमस्टे नबीकरणको लागि कार्यालयमा निवदेन दिनु पर्नेछ ।
क) विगत पाँचवर्षको आय व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण ।
ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन ।

११. **गाउँपालिकावाट सहयोग समन्वयः** (१) गाउँपालिकाले होमस्टे संचालन, व्यवस्थापनमा अवस्था हेरी लागत सहभागितामा वा गाउँपालिकाको मात्र लागतमा देहाय अनुसारको क्षेत्रमा सहयोग र समन्वय गर्न सक्नेछ ।

क) जिल्ला ,प्रदेश, संघवीच समन्वय र सहजीकरण गर्ने,

ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने,

घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने, निर्माण, संरक्षण, मर्मत संभार, जिर्णोद्धार गर्ने,

च) बाटो, पदयात्रामार्ग, भ्रमण रुट, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु बनाउने,

छ) होमस्टे क्षेत्रमा अर्गानिक (विषादी रहित) पशु पंक्षी, कृषि उपजलाई प्रवद्र्धन तथा प्रोत्साहन गर्ने ।

ज) स्थानिय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने, सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन र प्रवद्र्ध गर्ने,

झ) प्रचार प्रसार तथा बजारीकरणः होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव,गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, गाँउपालिकाले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी र होमस्टे सञ्चालन तथा व्यवस्थापन समितिसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सहयोग गर्न सक्नेछ,

ञ) सामूहिक सांस्कृतिक कार्यक्रम संचालन तथा प्रदर्शन गर्ने भवनको लागत, ईष्टिमेट, ड्रईङ्ग, डिजाईन तथा निर्माण गर्ने सम्बन्धि काम ।

ट) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम संचालन गर्ने ।

१२. **होमस्टे संचालकको कर्तव्यः** होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवद्र्धन तथा होमस्ट संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा गाउँपालिकालाई सहयोग पुर¥याउनु होमस्टे संचालकहरुको कर्तव्य हुनेछ ।

१३. **विविधः** (१) प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनकोलागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको वसोवास र खानपीनको वन्दोवस्त मिलाउन होमस्टे संचालनको लागि स्थानीय समूदाय समेतको सहभागीमा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

१४. **बचाउः** यस अघि होम स्टे दर्ता, संचालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची १
## (दफा ४ संग सम्बन्धित)
## होमस्टे संचालनका आधारभूत मापदण्डः

१. **होमस्टका लागि घर, कोठा र शैयाः**

क) प्रत्येक सामुदायिक होमस्टका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर (होमस्टे यूनिट) हुनु पर्नेछ । एक आपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदीबाट सुरक्षित हुनु पर्ने, खुला, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।

ख) होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

ग) होमस्टेसंचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

घ) (घ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ । ओछ्यान कम्तीमा ६ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

च) ढोकामा खुट्टा पुछने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

ज) भित्तामा वा ढोकाको पछाडी लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

झ) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस वाल्ने व्यवस्था हुनुपर्नेछ ।

ञ) सुत्ने कोठामा धुवाँ आउन नहुने ।

ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने ।

ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ ।

ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

ढ) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ ।

ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुने ।

त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

२. **शौचालय र स्नान घरः**

क) सुविधायुक्त र सफा शौचालय हुनु पर्ने ।

ख) होमस्टे संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ) ।

ग) स्नानगारमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्ने ।

३. **भान्छा कोठा र खाना खाने व्यवस्थाः**

क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडाबाख्रा, सुगुँर, कुखुरा आदि वाध्न वा पाल्न नहुने ।

ख) धैरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको ।

ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेरमात्र दिने ।

घ) स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

ङ) नेपालीहरुलाई राम्रोसंग पलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्ने ।

च) विदेशीलाई सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।

छ) खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको ।

ज) सकेसम्म स्थानीय उत्पादन प्रयोग हुने खानाको परिकार हुनु पर्नेछ ।

झ) सकेसम्म विषादी रहित (अर्गानिक ) खाना हुनु पर्नेछ ।

४. **स्वास्थ्य, सरसफाई तथा सुरक्षाः**

क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

ख) वातावरण मैत्री, पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था,बृक्षरोपण भएको हुनु पर्नेछ ।

**अनुसूची २**
**(दफा ६(१) संग सम्बन्धित)**

## होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ

हामीहरुले जिल्ला ............ गाउँपालिका देवघाट, वडा नं. ......... टोल/गाउँ..................... मा संचालन गर्न लागेको .................................. होमस्टेलाई देवघाट गाउँपालिकाको होमस्टे संचालन कार्यविधि, २०७५ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु /गर्दछौ । होमस्टे संचालन कार्यविधि , २०७५को अधिनमा रही आफ्नो होमस्टे संचालन गर्नेछौं ।

**संलग्न कागजातः**

१. होमस्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु
२. होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
३. प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्बन्धी स्थानीय भेलाको निर्णय
५. निजी होमस्टेको हकमा सम्बन्धित स्थानिय निकायको सिफारिस
६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

**होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)**

| क्र.सं. | संचालकको नामथर | ठेगाना |
|---|---|---|

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ ।

निवेदक,
नामथरः
ठेगानाः
मितिः

**अनुसूची ३**
**(दफा ६ (४) सँग सम्बन्धित)**

**देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ ।**

प्रमाणपत्र संख्याः मितिः ...............

, ...................................................... लाई होम स्टे संचालन कार्यविधि, २०... मा व्यवस्था भए अनुसार सामुदायिक / निजि होमस्टेका रुपमा दर्ता / नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।
१) सदस्यको नामः
२) ठेगानाः
३. मान्य अवधिः

HOME STAY OPERATION CERTIFICATE
........................................................................ home stay is registered/renewed as a community/private home stay undfer home stay operation procedures 2075 B.S.

1) Name of the owner:
2) Address of the owner:
3) Valid up to ..........................................

**शर्तहरु**

१. व्यवस्थापन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ ।
२. चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
३. स्थानीय समाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन ।
४. यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
५. व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
६. व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ
७. यो प्रमाणपत्र प्रत्येक ५।५ वर्षमा नवीकरण गराउनु पर्नेछ ।

अनुमति पत्र प्रदान गर्ने अधिकृतको
नामः
दर्जाः
दस्तखतः
मितिः

**अनुसूची ४**
**(दफा ६(१)(ग) सँग सम्बन्धित)**

**देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ ।**

**...................... होमस्टेको विधान ...............**

परिच्छेद – १
प्रारम्भिक

१. होमस्टेको नामः
   क) होमस्टेको कार्यालय रहने ठेगानाः
   ख) होमस्टेको कार्यक्षेत्रः
   ग) प्रारम्भः
२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा
   (क) "विधान" भन्नाले ..................................... लाई बुझाउनेछ ।
   (ख) " होमस्टे" भन्नाले ..................................... लाई बुझाउनेछ ।
   (ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।
   (घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँछ ।
   (ङ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।
   (च) "नियम विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।
   (छ) "स्थानीय अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।
   (ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।
   (झ) "स्थानीय तह" भन्नाले देवघाट गाउँपालिकालाई जनाउँनेछ ।
   (ञ) "होमस्टे इकाई" भन्नाले "होमस्टे संचालन गर्न व्यवस्थापन समिति अत्र्तगत रहेका प्रत्येक घर सम्झनु पर्छ ।
   (ट) होमस्टे क्षेत्र भन्नाले साधरण सभा वा व्यवस्थापन समितिले निर्णय गरी तोकेको, बढाएको वा घटाएको चार किल्ला तोकेको क्षेत्र सम्झनुपर्दछ ।
३. संस्थाको छापः

परिच्छेद–२

४. उद्देश्य
५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः

परिच्छेद–३
सदस्यता

६. साधारण सदस्यः

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः
८. सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः
९. सदस्यताको समाप्तिः
१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः

परिच्छेद–४
साधारण सभा, कार्य समिति

११. साधारण सभाको गठनः
१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः
१३. संचालन तथा व्यवस्थापन समितिको गठनः
१४. सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः
१५. पद त्याग गर्न सक्नेः
१६. अन्य समितिहरुः
१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः
१८. गणपुरक संख्याः

परिच्छेद–६
आर्थिक व्यवस्था

१९. संस्थाको कोषः
२०. खाता सञ्चालनः
२१. होमस्टेको रकम खर्च गर्ने तरिकाः
२२. होमस्टेको लेखा र लेखापरीक्षणः
२३. निर्वाचन सम्बन्धी व्यवस्थाः
२४. उम्मेदवार हुन योग्यताः
२५. अविश्वासको प्रस्तावः
२६. विधान संशोधनः
२७. विनियम बनाउन सक्नेः
२८. कर्मचारीको व्यवस्थाः
२९. संस्थाको विघटनः
३०. व्याख्याः
३१. गोप्यता भंग गर्न नहुनेः
३२. ऐन अनुसार हुनेः
३३. निर्देशनको पालनाः
३४. तदर्थ समितिः

आज्ञाले
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**